# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन २८ गते २०३० साल

**श्री ५ को सरकार**

**गृह पञ्चायत मन्त्रालयको**

**सूचना**

**हातहतियार खरखजाना (दोस्रो संशोधन) नियमावली, २०३०**

हातहतियार खरखजाना नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस नियमावलीको नाम "हातहतियार खरखजाना (दोस्रो संशोधन) नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ७ मा संशोधनः–(१) मूल नियमावलीको नियम ७ को उपनियम (२) को खण्ड (ख) को दोस्रो प्रकरणको सट्टा देहायको दोस्रो प्रकरण राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"त्यस्तो इजाजतपत्र प्राप्त गरेकोमा इजाजतपत्रको म्यादभित्र हातहतियार खरखजाना खरीद गरी झिकाई सक्नु पर्छ । आइपुगी सकेकोमा यस नियमावलीबमोजिम पन्ध्र दिनभित्र दर्ता गराई राख्ने इजाजतपत्र (लाइसेन्स) लिई सक्नु पर्छ । झिकाइएको हातहतियार आइपुगी नसकेकोमा माल चलान भएको कागज (शिपिङ्ग डकुमेन्ट) को सूचनाको नक्कल समेत राखी विवरण खुलाई सूचना र झिकाउँदै नझिकाएकोमा सो हातहतियार खरखजाना विदेशबाट खरीद गरी झिकाउने इजाजतपत्र (पर्चेज लाइसेन्स) म्याद नाघेको पन्ध्र दिनभित्र अञ्चलाधीशछेउ दाखिल गर्नु पर्छ ।"

(२) मूल नियमावलीको नियम ७ को उपनियम (२) को खण्ड (ख) को दोस्रो प्रकरणपछि देहायको तेस्रो प्रकरण थपिएको छः–

"माथि लेखिएबमोजिम म्यादभित्र सूचना दिएकोमा गृह पञ्चायत मन्त्रालयले म्याद थप्न मुनासिब सम्झेमा आवश्यक म्याद थप गरी दिन सक्नेछ । म्याद थपी नदिएकोमा वा म्याद थपी दिएकोमा सो थप म्याद नाघेपछि त्यस्तो झिकाउने इजाजतपत्र स्वतः खारेज हुनेछ ।"

३. मूल नियमावलीको नियम ९ मा संशोधनः– (१) मूल नियमावलीको नियम ९ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) यात्रा इजाजतपत्रको अवधि सोही इजाजतपत्रमा तोकिएबमोजिम र खरीद गर्ने इजाजतपत्रको अवधि छ महीनाको हुनेछ । यात्रा इजाजतपत्र र खरीद गर्ने इजाजतपत्र बाहेक यस नियमावलीबमोजिम प्राप्त अन्य इजाजतपत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ र सो अवधि नाघेको पैंतीस दिनभित्र अर्को आर्थिक वर्षको निमित्त नवीकरण गराई सक्नुपर्छ । त्यसरी नवीकरण गराउँदा इजाजतपत्र (लाइसेन्स) बहाल रहेको आर्थिक वर्षभित्र एकै पटक दुई आर्थिक वर्षसम्मको लागि पनि नवीकरण गराउन सकिनेछ ।"

(२) मूल यियमावलीको नियम ९ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :–

"(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि हातहतियार राख्ने इजाजतपत्रको हकमा नियम १० को उपनियम (२) को खण्ड (ग) मा तोकिएको म्यादभित्र नवीकरण गर्न नसकेको कारण खोली सम्बन्धित इजाजतपत्र वालाले गृह पञ्चायत मन्त्रालयमा निवेदन दिएमा उक्त मन्त्रालयले हेरी कारण मुनासिब देखेमा सो म्याद नाघेको मितिले एक वर्षसम्मलाई पचास रूपैयाँसम्म थप दस्तूर लिई नवीकरण गर्न आदेश दिन सक्नेछ । सो अवधिभित्र पनि विशेष परिस्थिति पर्न आई नवीकरण गराउन नसकेको पर्याप्त एवं ठोस कारण देखिएमा गृह पञ्चायत मन्त्रालयले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अर्को एक वर्षसम्मलाई एक सय रूपैयाँदेखि पाँच सय रूपैयाँसम्म थप दस्तूर लिई नवीकरण गर्न आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएमा सम्बन्धित अधिकारीले सोहीबमोजिम इजाजतपत्रको नवीकरण गरी दिनु पर्नेछ । त्यसरी नवीकरण हुन नसकेमा इजाजतपत्र स्वतः खारेज हुनेछ ।"

४. मूल नियमावलीको नियम ११ मा संशोधनः– मूल नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ ।

"(क) भरूवा बन्दूक बाहेक अरू हातहतियार राख्ने इजाजतपत्र ।"

प्रमुख जिल्ला अधिकारी
वा
उत्तरी प्रशासन क्षेत्रको प्रशासक

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८४